## धवलागिरी गाउँपालिका म्याग्दीद्वारा प्रकाशित

### धवलागिरी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
### मुना, म्याग्दी

# धवलागिरी गाउँपालिकाको नीति तथा कार्यक्रम, २०८३

**गाउँसभामा प्रस्तुत एवं पारित २०८३/०३/९**

आदरणीय सम्पूर्ण गाउँ सभासदस्य ज्यूहरू,

संघीयता पछिको दोस्रो स्थानीय तह निर्वाचनमा निर्वाचित जनप्रतिनिधिले विगत ४ वर्षमा गरेका कार्यबाट केही आशा र अवसरहरू सिर्जना भएका छन् । समृद्ध पालिका निर्माणमा सबै पक्षको सहभागिता अपरिहार्य छ । दलगत स्वार्थबाट माथि उठी समुन्नतिका लागि साझा धारणा बनाई अगाडि बढ्नु आजको आवश्यकता हो । हाम्रो कार्यकालको आगामी अन्तिम वर्षलाई जनताकै हित र समुन्नतीमा डटेर लागि पर्नुपर्ने छ । अधिकांश ग्रामीण तथा हिमाली क्षेत्र रहेको धवलागिरी गाउँपालिकामा भौगोलिक जटिलता र विविधता दुवै छन् । आर्थिक तथा मानवीय विकासका परिसूचकहरू समेत विषम छन् । यसर्थ आगामी दिनमा हाम्रा प्राथमिकता र नीति कार्यक्रम यिनै परिसूचकहरूको पूर्ण सम्बोधन हुने गरी स्रोत र साधनको बाँडफाँड गर्नुपर्ने देखिन्छ ।

नेपालको संविधान, दिगो विकास लक्ष्य, सोह्रौं आवधिक योजना, संघीय बजेटले तय गरेका नीति तथा कार्यक्रम, नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता, गण्डकी प्रदेश सरकारको आगामी आ.व. को नीति तथा कार्यक्रम र बजेटलाई यसमा ध्यान दिइएको छ । धवलागिरी गाउँपालिकाको दोस्रो पञ्चवर्षीय योजना अन्तर्गत **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार र रोजगारः समृद्ध धवलागिरी निर्माणको आधार"** भन्ने दीर्घकालीन सोच, मध्यमकालीन खर्च संरचना र विगत वर्षहरूमा आरम्भ गरिएका विकासका कार्यलाई निरन्तरता दिई व्यवस्थित विकास कार्य अगाडि बढाउने नीति लिइनेछ ।

## १. मार्गनिर्देशक सिद्धान्तहरू

"समृद्ध पालिका" को विकासको प्रस्थान विन्दुको रूपमा आगामी वर्षको नीति तथा कार्यक्रमका मार्गनिर्देशक सिद्धान्त देहाय बमोजिम हुनेछन्:

| **क्र.स.** | **मुख्य क्षेत्र** | **मार्गनिर्देशक सिद्धान्तहरू** |
|---|---|---|
| १ | **शिक्षा र स्वास्थ्य** | सुलभ र गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको सुनिश्चितता |

| क्र.स. | मुख्य क्षेत्र | मार्गनिर्देशक सिद्धान्तहरू |
|---|---|---|
| २ | **मानव पुँजी** | स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण |
| ३ | **कृषि प्रणाली** | व्यावसायिक र आधुनिक कृषि प्रणाली अवलम्बन |
| ४ | **भौतिक पूर्वाधार** | अत्यावश्यक एवं गुणस्तरीय भौतिक पूर्वाधार विकास |
| ५ | **समावेशीकरण** | लैंगिक समानता र सामाजिक न्याय सहितको समावेशीकरण |
| ६ | **समन्वय** | तीन तहका सरकार र निजी क्षेत्रसँगको समन्वय र सहकार्य |
| ७ | **सुशासन** | सुशासन, सदाचार र पारदर्शी सेवाप्रवाह |
| ८ | **प्रविधि** | प्रविधिमैत्री व्यवस्थापन |
| ९ | **वातावरण** | जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र |

## २. क्षेत्रगत नीति तथा कार्यक्रम

गाउँसभा सदस्य ज्यूहरू, अब म क्षेत्रगत नीति तर्फ अगाडी बढ्दछु ।

क) कृषि तथा सिँचाई

१. **आधुनिक प्रविधिः** कृषिमा आधुनिक यन्त्र र प्रविधिको प्रयोग मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषिलाई व्यवसायीकरण गर्दै लगिनेछ ।
२. **नमुना ब्लक र सामूहिक खेतीः** बहुमूल्य जडीबुटी, फलफूल तथा कृषि वन कार्यक्रम अन्तर्गत नमुना ब्लक निर्माण गर्नुका साथै सामूहिक खेतीलाई समेत प्रोत्साहन गरिनेछ ।
३. **आत्मनिर्भरताको लक्ष्यः** गाउँपालिकाको दोस्रो पञ्चवर्षीय योजना अवधिसम्म धवलागिरी गाउँपालिकालाई दूध, फलफूल, तरकारी र मासुमा आत्मनिर्भरता तर्फ उन्मुख बनाइनेछ ।

४. **एक वडा एक उत्पादनः** "एक वडा एक उत्पादन" नीति मार्फत आत्मनिर्भर धवलागिरी निर्माण गर्न सीप, प्रविधि तथा पुँजी अनुदान तथा सहुलियत दिइनेछ ।

५. **कृषि उद्यमः** "एक घर- एक कृषि उद्यम" कार्यक्रम अन्तर्गत विभिन्न व्यवसाय प्रवर्धन गर्नका लागि आवश्यक तालिम र अनुदान सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।

६. **अनुदानमा बिरुवा वितरणः** ५० प्रतिशत अनुदानमा टिमुर, ओखर, कागती, सुन्तला तथा अलैंची लगायतका गुणस्तरीय बिरुवा वितरण गरिनेछ ।

७. **सिँचाईः** पानीका स्रोतको संरक्षण र दिगो व्यवस्थापन गरी गाउँपालिकावासीलाई स्वच्छ खानेपानीको सुनिश्चितताका साथै सिँचाई कार्यक्रम लागू गरिनेछ ।

८. **रोगकिरा नियन्त्रणः** कृषिबालीमा लाग्ने रोगकिरा नियन्त्रणका लागि निःशुल्क विषादी वितरण कार्यलाई थप व्यवस्थित बनाइँदै लगिनेछ ।

९. **कृषि पकेट कार्यक्रमः** संघीय अनुदान अन्तर्गतको कृषि पकेट कार्यक्रमलाई पालिकाबाट समेत आवश्यक व्यवस्था गरी थप वृहत् रूपमा सञ्चालन गरिनेछ ।

१०. **माटो परीक्षणः** जलवायु परिवर्तन अनुकूल कृषि प्रणाली विकास गर्न माटो परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

११. **कृषि यान्त्रीकरणः** कृषिमा यान्त्रीकरण गर्ने नीति अनुसार अनुदानमा मिनिटेलर, थ्रेसर, मिल लगायतका सामग्रीहरू वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२. **क्षमता विकासः** उत्पादन बढाउने नीति मार्फत कृषकको सीप, तालिम, क्षमता विकास गरिनेछ ।

१३. **पढ्दै कमाउँदैः** विद्यालयहरूमा "पढ्दै कमाउँदै" कार्यक्रम अन्तर्गत स्थानीय कृषि उत्पादनलाई प्राथमिकता दिइनेछ ।

**ख) पशुपन्छी**

१४. **पशु स्वास्थ्य शिविरः** "पशु उत्पादनमा वृद्धिः आर्थिक उपार्जन सहितको समृद्धि" हासिल गर्न व्यावसायिक पशुपन्छीपालन कार्यलाई प्रवर्द्धन गर्दै प्रदेश सरकार अन्तर्गतका कार्यालयसँगको समन्वयमा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१५.**घुम्ती गोठ सुधार र निर्माणः** ७५ प्रतिशत गाउँपालिकाको अनुदानमा घुम्ती गोठ सुधार र निर्माण कार्यलाई निरन्तरता दिइनेछ । साथै घुम्ती गोठलाई निःशुल्क लजिस्टिक सामग्रीको समेत व्यवस्था गरिनेछ ।

१६.**पशुपङ्क्षी उत्पादन केन्द्रः** बङ्गुर, भेडा, बाख्रा, भैंसी तथा गाई फर्मलाई साना व्यवसायी कृषि तथा पशुपङ्क्षी उत्पादन केन्द्रको रूपमा विकास गरिनेछ । व्यावसायिक माछापालन कार्यलाई प्रोत्साहन गरिनेछ ।

१७.**नश्ल सुधार अनुदानः** उन्नत जातका थुमा, बोका, राँगा तथा बहरमा अनुदान प्रदान गरिनेछ ।साथै कृत्रिम गर्भाधान सेवा मिसनको रुपमा कार्यान्वयन गरिनेछ।

१८.**नयाँ पशुपालन अध्ययनः** कालिज, कस्तुरी, बँदेल लगायतका जङ्गली पशुपंक्षी पालनको सम्भाव्यता अध्ययनलाई अगाडि बढाइनेछ ।

१९.**भकारो सुधारः** पशुगोठ व्यवस्थापन तथा भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

२०.**प्राविधिक सेवा सुनिश्चितताः** प्रत्येक वडामा कृषि वा पशु प्राविधिक सेवा सुनिश्चित गरी आधारभूत कृषि र पशुस्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ ।

**ग) रोजगार प्रवर्द्धन**

२१.**युवा उद्यमशीलता तथा नवप्रवर्तनः** बेरोजगार युवाहरूलाई कृषि, पशुपालन लगायतका उद्यमशीलता तर्फ प्रोत्साहन गरी "उत्पादनमा युवा प्रोत्साहन" कार्यको लागि आवश्यक व्यवस्था गरिनेछ ।साथै संघीय विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालयसँगको समन्वयमा नवप्रवर्तनसँग सम्बन्धित कार्य गर्नका लागि आवश्यक नीति तर्जुमा गरिनेछ।

२२.**श्रमको सम्मानः** "श्रमको सम्मान धवलागिरीको अभियान" अन्तर्गत राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमका साथै पालिकाको विकास निर्माण कार्यलाई समेत स्थानीय रोजगारी सिर्जनासँग आबद्ध गरिनेछ ।

२३.**वैदेशिक रोजगारीबाट फर्केकालाई सहयोगः** वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई उत्पादनशील कार्यमा लाग्न प्रोत्साहन गरिनेछ । साथै वैदेशिक रोजगारबाट फर्किनु भएका धवलागिरीवासीलाई मनोपरामर्श सेवा उपलब्ध गराइनेछ।

२४.**लघु उद्यम विकासः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत दक्ष तथा सीपयुक्त जनशक्तिको विकास गरी बेरोजगारी न्यूनीकरण गरिनेछ ।

२५.**रोजगार सेवा केन्द्रः** रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ ।

## घ) उद्योग तथा सहकारी

२६.**सहकारी लगानीः** सहकारी संस्थाहरूलाई व्यावसायिक कृषि उत्पादन क्षेत्रमा आफ्नो पूँजी तथा लगानी परिचालन गर्न प्रोत्साहन गरिनेछ ।

२७.**COPOMIS व्यवस्थापनः** सहकारीहरूको व्यवस्थापन गर्न COPOMIS मा आबद्ध गर्ने र सहकारीको अनुगमन र नियमनलाई व्यवस्थित बनाइनेछ । साथै COPOMIS सम्बन्धी तालिमको सञ्चालन गरिनेछ ।

२८.**स्थानीय कच्चा पदार्थ उद्योगः** "स्थानीय उत्पादनमा वृद्धिः रोजगारी सिर्जना र समृद्धि" नारालाई साकार पार्न स्थानीय कच्चा पदार्थमा आधारित घरेल उद्योगलाई विकास एवं विस्तार गरिनेछ ।

२९.**बजार अनुगमनः** उपभोक्ताको स्वास्थ्यलाई ध्यान दिँदै पालिकाभित्र बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

## ङ) पर्यटन विकास

३०.**पर्यटन नीति तर्जुमाः** गाउँपालिका क्षेत्रभित्र पर्यटकीय सम्भावना बोकेका स्थानहरूको पहिचान एवं प्रवर्द्धनका लागि आवश्यक नीति तर्जुमा गरिनेछ ।

३१.**धौलागिरी डेः** धौलागिरी डेलाई यसै गाउँपालिका क्षेत्रमै आयोजना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३२.**पर्यटकीय पूर्वाधारः** जलजला, मुनामालिका, गुर्जा, धौलागिरी आधारशिविर लगायतका पर्यटकीय स्थानहरूमा आवश्यक पर्यटकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

३३.**निजी क्षेत्रको लगानीः** पर्यटन प्रवर्धनका लागि व्यवसाय सञ्चालन गर्न निजी क्षेत्रको लगानी भित्राउने नीति अवलम्बन गरिनेछ।

३४.**पदमार्ग विकास (प्रदेश सहकार्य)ः** मुदी देखि खलडाँडा हुँदै मालिका जोड्ने पदमार्ग, मल्कवाङ देखि पुतलीडाँडा रिखार हुँदै मुस्ताङ जाने पर्यटकीय पदमार्गको विकासको लागि प्रदेश सरकार सँग सहकार्य गरिनेछ ।

३५.**धार्मिक र सामुदायिक पर्यटनः** पर्यटन पदमार्ग निर्माण, सामुदायिक होमस्टे, धार्मिक पर्यटन, लोकसंस्कृतिको संरक्षण लगायतका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३६.**वृहत् पदमार्ग सञ्जालः** ताकमकोट-बन्चरेडाँडा-मुनामालिका-गुज्रे-जलजला-रुंघाचौर-गुर्जा-मुदी-धवलागिरी बेसक्याम्प सम्म पर्यटकीय पदमार्ग विस्तार गर्नको लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

**च) स्वास्थ्य**

३७.**निःशुल्क र सर्वसुलभ सेवाः** आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाइनेछ ।

३८.**आपातकालीन र लक्षित सेवाः** गम्भीर प्रकृतिका रोग भएका, ज्येष्ठ नागरिक, असहाय अवस्थामा रहेका अपाङ्गहरूका लागि आपातकालीन उद्धार, औषधी वितरण, जस्ता सेवा सञ्चालन गरिनेछ।

३९.**विशेष कार्यक्रमः** "दीर्घरोगीसँग अध्यक्ष कार्यक्रम" लाई निरन्तरता दिइनेछ । गर्भवती महिला एवं बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउन "सुनौला हजार दिनका आमासँग उपाध्यक्ष कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।

४०.**क्यान्सर स्क्रिनिङः** सबै स्वास्थ्य चौकीहरूमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर लगायत प्रजनन अङ्गको क्यान्सरको स्क्रिनिङ जाँच (VIA) निःशुल्क गरिनेछ।

४१.**जडीवुटी सङ्कलनः** औषधीजन्य जडीबुटी, वनस्पति र वनस्रोतको संरक्षण गर्न म्याग्दीका अन्य निकायसँगको सहकार्यमा जडीबुटी सङ्कलन केन्द्र स्थापना गर्न पहल गरिनेछ।

४२.**पोषण र सचेतनाः** भान्छाघर नै स्वास्थ्यको मुख्य आधार हो भन्ने भनाइलाई मनन् गर्दै भोजनका विषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४३.**आयुर्वेद र योगः** प्रत्येक वडामा आयुर्वेद चिकित्सा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । योग तथा ध्यान शिविर साथै आयुर्वेदिक चिकित्साशिक्षा कार्यक्रमलाई परिष्कृत गरी अगाडि बढाइनेछ ।

४४.**घुम्ती सेवा र हेली उद्धारः** गर्भवती महिलाका लागि सम्पूर्ण वडामा घुम्ती अल्ट्रासाउन्ड कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश सरकार र संघीय सरकारसँगको सहकार्यमा उच्च जोखिममा रहेकालाई सुरक्षित प्रसूतीका लागि हेली उद्धार गरिनेछ ।

४५.**ल्याव र मातृशिशु सुरक्षाः** वडा नं ७ ताकममा सञ्चालित ल्याब सेवालाई थप व्यवस्थित एवं सुदृढीकरण गरिनेछ । मातृशिशु तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, न्यानो झोला वितरण, निःशुल्क र सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

४६.**पूर्ण खोपः** पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४७.**पालिका अस्पतालः** निर्माणाधीन ५ शय्याको अस्पतालको निर्माण कार्य आगामी आ.व. मा सम्पन्न गरिनेछ ।

सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरू,

अब शिक्षातर्फका मुख्य नीतिहरू:

४८.**निःशुल्क र गुणस्तरीय शिक्षाः** शिक्षाको अधिकारबाट बालबालिका तथा लक्षित वर्गका गरिब महिला, दलित, अल्पसंख्यक कोही पनि बञ्चित हुन नपरोस् भन्ने हेतुले गुणस्तरीय र निःशुल्क सार्वजनिक शिक्षाको व्यवस्थापन गरिनेछ ।

४९.**विद्यालय समायोजनः** विद्यालयहरूलाई आवश्यकताका आधारमा स्थानान्तरण तथा समायोजन गरिनेछ ।

५०.**बालविकास आधुनिकीकरणः** सबैका लागि शिक्षामा पहुँच अभिवृद्धि गर्न बालविकास केन्द्रहरूको आधुनिकीकरण गरिनेछ ।

५१.**प्रविधिमैत्री शिक्षणः** सामुदायिक विद्यालयहरूमा प्रविधिमैत्री शिक्षण सिकाई मार्फत सीपयुक्त मानव संशाधनको विकास गरिनेछ ।

५२.**गाउँपालिका नमुना होस्टेलः** न्यून विद्यार्थी हुने विद्यालयका विद्यार्थीहरू, विद्यालयको पहुँच बाहिर हुने विद्यार्थीहरू एवं असहाय तथा अनाथ बालबालिकाहरूलाई गाउँपालिकाको नमुना होस्टेलमा आवसीय सुविधा सहित अध्ययन गर्ने व्यवस्था गरिनेछ।

५३.**समिति सबलीकरणः** विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न गाउँपालिका शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको सबलीकरण गरिनेछ ।

५४.**छात्रावास निर्माणः** गाउँपालिकाको प्राविधिक धार अन्तर्गतको ताकम माध्यमि विद्यालयमा आगामी आ.व. मा छात्रावास निर्माण गरिनेछ ।

५५.**समावेशी सिकाइः** फरक क्षमता भएका विद्यार्थीको सिकाइलाई प्रोत्साहन गरिनेछ । विद्यालय उमेर समूहका विद्यार्थीहरूलाई विद्यालयको पहुँचमा ल्याइनेछ ।

५६.**क्षमता विकास र स्वआर्जनः** विद्यार्थीको क्षमता विकास र नवप्रवर्तनका लागि शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय तह पूरा गरेका विद्यार्थीलाई सिक्दै सिकाउँदै अध्ययन विधि मार्फत स्वआर्जन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५७.**पढ्दै कमाउँदै र दिवा खाजाः** पढ्दै कमाउँदै कार्यक्रमलाई थप परिमार्जन सहित निरन्तरता दिइनेछ । दिवा खाजा कार्यक्रमलाई जंक फूड रहित बनाउने नीतिलाई थप सुदृढीकरण गरिनेछ।

५८.**दुर्व्यसन र बालविवाह नियन्त्रणः** बालविवाह तथा लागु पदार्थको दुर्व्यसन नियन्त्रण गर्न जनचेतना, मनोपरामर्श साथै गैरसरकारी संस्थासँगको सहकार्यमा विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

५९.**विद्यार्थी स्वास्थ्यः** विद्यार्थी स्वास्थ्य सेवाको सुनिश्चितता गर्न स्वास्थ्य चौकी तथा गैरसरकारी संस्थासँगको समन्वयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गरिनेछ।

ज) खेलकुद

६०.**पूर्वाधार पूर्णताः** विभिन्न वडाहरूमा निर्माणाधीन खेल पूर्वाधारहरूलाई पूर्णता दिइनेछ।

६१.**खेलकुद समितिः** पालिकास्तरीय खेलकुद विकास समिति गठन तथा सञ्चालन गरी खेलकुद कार्यक्रमलाई वडास्तरसम्म सञ्चालन गरिनेछ ।

६२.**खेलाडी सम्मानः** खेलकुदलाई प्राथमिकता दिई, पालिकाका उत्कृष्ट खेलाडीहरूलाई सम्मान गरिनेछ।

६३.**राष्ट्रपति रनिङ शिल्डः** राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित बनाइनेछ।

## झ) भाषा, कला र संस्कृति

६४.**सांस्कृतिक संरक्षण र सम्वर्द्धनः** कला संस्कृतिको जगेर्ना गर्न विविध सांस्कृतिक नाच प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ  साथै विभिन्न भाषा, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न जोड दिइनेछ ।

६५.**प्रतिभा पहिचानः** गाउँपालिका क्षेत्रभित्र लुकेको प्रतिभा प्रस्फुटन गराउने हेतुले प्रतिभा पहिचान कार्यक्रम संचालन गरिनेछ ।

६६.**ताकम कोट पूर्वाधारः** ऐतिहासिक धार्मिक महत्त्वको ताकम कोटलाई थप पूर्वाधार निर्माण गर्न पुरात्तव विभाग लगायतका निकायसँग समन्वय गरिनेछ ।

६७.**आरन सुधारः** आरन सुधार कार्यक्रम मार्फत सीपको पुस्तान्तरण गर्न तर्फ विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

## ञ) पूर्वाधार विकास

६८.**प्रशासनिक भवनः** गाउँपालिकाको निर्माणाधीन प्रशासनिक भवन आगामी आ.व. को पहिलो चैमासिक भित्र सम्पन्न गरी नवनिर्मित भवनबाट सेवा प्रवाह सुरु गरिनेछ ।

६९.**भवन निर्माण र समन्वयः** वडा कार्यालय भवन, स्वास्थ्य संस्था तथा विद्यालय लगायतका भवन निर्माणका लागि आवश्यक पहल तथा समन्वय गरिनेछ ।

७०.**स्वास्थ्य चौकी सुदृढीकरणः** आधारभूत स्वास्थ्यमा नागरिकहरूको सहज, सरल र गुणस्तरीय पहुँच स्थापना गर्न स्वास्थ्य चौकीहरूको भौतिक सुविधा विस्तार एवं सुदृढीकरण गरिनेछ ।

७१.**केन्द्रीय विद्युत सेवाः** वडा नं. २ देखी ७ सम्म सम्पूर्ण वडामा केन्द्रीय विद्युत सेवाको पहुँच सुनिश्चित गरिनेछ । साथै वडा नं. १ मा केन्द्रीय विद्युत लाइन विस्तारको सम्भाव्यता अध्ययन गरि विस्तार कार्य अगाडि बढाउन नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ।

७२.**एक घर एक धाराः** गाउँपालिका बासीलाई स्वच्छ खानेपानी सुविधाका लागि "एक घर एक धारा कार्यक्रम" संघीय तथा प्रादेशिक सरकारको साझेदारीमा सञ्चालन गरिनेछ । वडा नं. ३ अन्तर्गत एक घर एक धारा कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

७३.**सडक सञ्जाल र रिङरोडः** मराङ, बुल, मलम्पार, मल्कवाङ हुँदै रघुगंगा गाउँपालिका जोड्ने अन्तरपालिका सडक निर्माणलाई प्राथमिकता दिनका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी प्राथमिकता दिइनेछ । धवलागिरी रिङरोड योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

७४.**सुरक्षित नागरिक आवासः** जोखिमयुक्त घरहरूको पहिचान गरी सुरक्षित आवासको रूपमा रूपान्तरण गर्न संघीय सरकारको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

७५.**टोल विकास र उपभोक्ता समितिः** उपभोक्ता समितिको क्षमता विकास गरी समितिका पदाधिकारीहरूको व्यवसायिकता सुदृढ गर्न कार्यक्रम सञ्चालन गरिनेछ साथै टोल विकास समितिको अवधारणालाई आगामी आ.व. देखि क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

७६.**राहतः** विपद् बाट क्षति भई पीडित हुने नागरिकलाई तत्काल आवश्यक राहतको व्यवस्था गरिनेछ ।

७७.**रणनीतिक महत्त्वका योजनाहरू (निर्माण तथा स्तरोन्नति पहल):**

* मुना-लुलाङ-गुर्जा सडक स्तरोन्नति
* गुर्जा-रुकुम पूर्व-डोल्पा सडक निर्माण
* मुना मालिका धुरी पर्यटकीय सडक निर्माण
* मल्कबाङ-मराङ-मुदी-मुना सडक निर्माण
* मुना-लुलाङ-जलजला-ढोरपाटन हुँदै पूर्वी रूकुम जोड्ने अन्तरजिल्ला सडक सञ्जाल स्तरोन्नतिका लागि संघीय सरकारसँग सहकार्य गरी निरन्तर कार्य गर्दै लगिनेछ ।

## ट) लैंगिक समानता तथा सामाजिक समावेशीकरण :

७८.**छोरी प्रोत्साहन कार्यक्रमः** अभिभावक र पालिकाको साझेदारीमा **"उपाध्यक्ष छोरी प्रोत्साहन कार्यक्रम"** सञ्चालन गरिनेछ ।

७९.**महिला सशक्तीकरणः** महिला सशक्तीकरणका लागि नेतृत्व विकास तथा उद्धोषण, एकल महिला जीविकोपार्जन प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

८०. **हिंसा न्यूनीकरण र मनोपरामर्शः** महिला हिंसा न्यूनीकरण गर्न महिला पुरुष समविकास कार्यक्रम सञ्चालन गरिनेछ । पीडितको पुनःस्थापना तथा पारिवारिक पुनर्मिलनका लागि आवश्यक सहजीकरण गरिनेछ । महिला हिंसा न्यूनीकरण तथा आत्महत्या रोकथामका लागि मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

८१. **बालमैत्री स्थानीय शासनः** बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि क्रमशः वडाहरूलाई बालमैत्री स्थानीय शासन वडा घोषणा गर्रिँदै लगिनेछ । बाल अधिकार समिति, गाउँपालिका स्तरीय बालसञ्जाल र बाल संरक्षण समितिलाई वडा स्तरसम्म परिचालन गरी सक्रिय र प्रतिस्पर्धी बनाइनेछ ।

८२. **बालविवाह न्यूनीकरणः** बालविवाह न्यूनीकरणका लागि परिवार, समाज, विद्यालय, आमा समूह, युवा क्लब आदिसँग अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. **अपाङ्गता र दलित उत्थानः** अपाङ्गता भएका व्यक्तिको क्षमता अभिवृद्धि गर्न लक्षित कार्यक्रमहरू संचालन गरिनेछ । दलित तथा अतिविपन्न जाति र समुदायको परम्परागत पेसा र व्यवसायको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

## ठ) वन, वातावरण, सरसफाइ र विपद् व्यवस्थापन

८४. **दिगो विकासः** पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी योजना अगाडि बढाइनेछ ।

८५. **विपद् व्यवस्थापन शाखाः** विपद् पूर्व तयारी एवं प्रतिकार्यका लागि आकस्मिक सेवा लगायतका कार्य गर्न आवश्यक सामग्री तथा उपकरणको व्यवस्था गरी विपद् व्यवस्थापन शाखाबाट द्रुत सेवा प्रदान गरिनेछ ।

८६. **पोखरी तथा चौतारा मर्मतः** सार्वजनिक पोखरी तालतलैया र चौताराहरूको मर्मत तथा जीर्णोद्धार गर्ने कार्य अघि बढाइनेछ ।

८७. **आवास पुनर्निर्माणः** सुरक्षित नागरिक आवास र मनसुन प्रभावितका लागि निजी आवास पुनर्निर्माण कार्यक्रमलाई थप व्यवस्थित गरी समयमै राहत प्राप्त गर्ने सुनिश्चितता प्रदान गरिनेछ ।

८८. **पूर्व तयारी र न्यूनीकरणः** सबै प्रकारका विपदको रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गरिनेछ ।

८९.**स्वयंसेवक परिचालनः** विपद्को समयमा तत्काल उद्धारका लागि वडा स्तरमा स्वयंसेवकहरूको तथ्याङ्क संकलन गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

## ड) कानून, मानव अधिकार र न्याय

९०.**नतिजामूलक र शीघ्र न्यायः** न्यायिक समितिको निर्णयलाई पालिकावासीले न्याय अनुभूत हुने गरी नतिजामूलक बनाइनेछ । न्यायिक समितिबाट हुने निर्णयलाई शीघ्र बनाइनेछ ।

९१.**संस्थागत सवलीकरणः** न्यायिक समिति, मेलमिलापकर्ता र संस्थागत संरचनाको सवलीकरण र सशक्तीकरण गर्दै लगिनेछ ।

९२.**मेलमिलाप केन्द्र सुदृढीकरणः** वडास्तरका मेलमिलाप केन्द्रको सुदृढीकरण गरी मेलमिलाप कर्तालाई प्रोत्साहन तथा क्षमता अभिवृद्धि गरिनेछ ।

९३.**न्यायिक तालिम तथा कानूनी सचेतनाः** जिल्ला अदालतसँगको समन्वयमा न्यायिक निरूपण सम्बन्धी तालिम तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन गरिनेछ । साथै वडा स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

## ढ) सुशासन तथा संस्थागत विकास

९४.**जनशक्ति पदपूर्तिः** गाउँपालिका र मातहतका निकायबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८३ बमोजिम जनशक्ति पदपूर्ति गरी सेवा प्रवाहलाई नागरिक मैत्री बनाइनेछ ।

६७.**डिजिटल प्रोफाइल तथा योजना वैंकः** गाउँपालिकाको सम्पूर्ण विवरण अद्यावधिक राख्न तयार गरिएको डिजिटल प्रोफाइललाई नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।साथै गाउँपालिकाका प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमको योजना बैंक तयार गरि डिजिटल रुपमा अभिलेख व्यवस्थित गरिनेछ।

९५.**उत्तरदायी सेवाप्रवाहः** गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता कार्यहरू सञ्चालन गरी पालिकाको सेवालाई धवलागिरी वासीप्रति उत्तरदायी तुल्याइनेछ ।एकिकृत कार्यालय व्यवस्थापन प्रणाली लागु गाउँपालिकाको सेवा प्रवाहलाई क्रमशः पेपरलेस तर्फ अग्रसर बनाइनेछ।

१६.**क्षमता विकास र सञ्चार सहकार्यः** सेवा प्रवाहमा सुधार र संस्थागत क्षमता अभिवृद्धिका लागि पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ । पालिकाका आर्थिक, सामाजिक र धार्मिक पर्यटकीय महत्त्वका विषयहरू उजागर तथा प्रवर्द्धन गर्न पत्रकार महासंघ म्याग्दी शाखासँग सहकार्य गरिनेछ ।

१७.**पुरस्कार तथा दण्ड प्रणालीः** O&M प्रतिवेदनमा उल्लेखित कर्मचारीहरूले सम्पादन गर्नुपर्ने कार्य र जिम्मेवारीको मापनयोग्य कार्यविवरण र कार्यसम्पादन सूचकलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी पुरस्कार तथा दण्ड सँग आबद्ध गरिनेछ ।

१८.**राजस्व प्रशासन र सम्पत्ति संरक्षणः** राजस्व प्रशासनको सुधार मार्फत सुदृढ र सक्षम बनाई राजस्व वृद्धि गर्न निर्मित राजस्व सुधार नीतिको कार्यान्वयन गर्दै आन्तरिक स्रोतको परिचालनलाई सबल बनाइनेछ । सार्वजनिक सम्पत्ति अतिक्रमण नियन्त्रण तथा रोकथामको लागि जिल्ला स्थित सुरक्षा निकाय साथै भूमि प्रशासन तथा नापी कार्यालयसँगको समन्वयमा तथ्याङ्क र अभिलेख अध्यावधिक गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ ।

१९.**घुम्ती सेवा र आन्तरिक नियन्त्रणः** सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ, जनताको वरिपरि सेवा पुऱ्याउन समय-समयमा विभिन्न सेवा प्रवाहसँग सम्बन्धित घुम्ती सेवा कार्यक्रम सञ्चालन गरिनेछ । वित्तीय जोखिम न्यूनीकरण गर्न निर्मित आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वयन गरिनुका साथै पेश्की तथा बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राखी कार्य गरिनेछ ।

**धन्यवाद !**

**जय धवलागिरी बासी !**

**प्रेम प्रसाद पुन**
गाउँपालिका अध्यक्ष
धवलागिरी गाउँपालिका मुना, म्याग्दी